
जिल्ला विपद् व्यवस्थापन समितिवाट

मिति २०८१/१२/०६ गते स्वीकृत

# आगलागी, हुरिबतास र चट्याङ पूर्वतयारी तथा प्रतिकार्य योजना २०८१



जिल्ला विपद् व्यवस्थापन समिति, रुपन्देही

मिति २०८१/१२/०६ गते

# विषय सूचि

## खण्ड – क


| क्र.सं. | विषयवस्तु |
|---|---|
| | **भाग - एक** |
| १. | पृष्ठभूमि |
| १.२ | रुपन्देही जिल्लाको मानचित्र |
| १.३ | आगलागी, हुरिबतास, चट्याङ पूर्व तयारी तथा प्रतिकार्य योजनाको उद्देश्य |
| १.४ | आगलागी, हुरिबतास, चट्याङको समयमा मानविय सहायतामा संलग्न साझेदारनिकायको सेवा र शर्तहरु |
| १.५ | बिषयगत समिति, अगुवा तथा सहयोगी संस्थाहरु |
| १.६ | आगलागी, हुरिबतास, चट्याङ, पूर्व तयारी तथा प्रतिकार्य योजनाको सीमा |
| | **भाग - दुई** |
| | **आगलागी, हुरिबतास र चट्याङ जोखिम बिश्लेषण** |
| २. | आगलागी, हुरिबतास र चट्याङ्को समुदायमा पुऱ्याउन सक्ने जोखिम |
| २.१ | आगलागी, हुरिबतास र चट्याङ्गको जोखिम बिश्लेषण |
| | **भाग – तीन** |
| | **जिल्ला स्थित स्रोत, साधनको आँकलन** |
| ३. | जिल्ला तहमा उपलब्ध हुनसक्ने साधन, स्रोतहरुको विवरण |
| ३.१. | स्थानीय तहमा उपलब्ध हुनसक्ने साधन, स्रोतहरुको विवरण |
| | **भाग – चार** |
| | **आगलागी, हुरिबतास र चट्याङ्गको पूर्व तयारी तथा प्रतिकार्य सम्बन्धी योजना** |
| ४.१ | आगलागी, हुरिबतास र चट्याङ्गको पूर्व तयारी तथा प्रतिकार्य विवरणहरू |
| ४.२. | समन्वय तथा जिम्मेवारीहरु |
| ४.३ | आगलागीबाट बच्ने उपायहरु |
| ४.४. | आगलागी, हुरिबतास र चट्याङ्गको जोखिम न्यूनीकरण सूचनामूलक सन्देशहरु |
| ४.५ | आगलागी नियन्त्रणका लागि स्थानीय तहहरुमा रहेका दमकलहरुको विवरण |
| ४.६ | जिल्ला विपद् व्यवस्थापन समितिका पदाधिकारीहरुको महत्वपूर्ण सम्पर्क नं.हरु |
| ४.७ | स्थानीय तहका विपद् सम्पर्क व्यक्तिहरुको नाम र सम्पर्क नं. |
| ५. | निष्कर्ष |

भाग - एक

## १. पृष्ठभूमि

विश्व मानचित्रमा समुद्री सतहबाट १०० मिटर देखि १२११ मिटर सम्मको उचाईमा रहेको यो जिल्ला ८३° ११'१६" देखि ८३° ३८' ७" पूर्वी देशान्तर २७° २०'००" देखी २७° ४७' २५" उत्तरी अक्षांशमा फैलिएको छ। नेपालका ७ प्रदेशहरु मध्ये लुम्बिनी प्रदेशमा पर्ने रुपन्देही जिल्लाको कुल क्षेत्रफल १३६० वर्ग किलोमिटर मध्ये खेतियोग्य जमिन ८५,१२२ हेक्टर र ३२००६ हेक्टर बन जंगलले ढाकेको छ । निर्वाचन क्षेत्र ५ वटा, उपमहानगरपालिका १ वटा, नगरपालिका ५ वटा गाउँपालिका १ वटा रहेको यो जिल्लाको २०७८ सालको जनगणना अनुसार कूल जनसंख्या ११,२१,९५७ मा पुरुष ५,५०,४७८(४९.१%) र महिला ५,७१,४७९ (५०.९%) रहेको छ। बार्षिक जनसंख्या वृद्धिदर २.४०% र जनघनत्व ८२५ व्यक्ति प्रति वर्ग कि.मी. रहेको छ । लैङिगक अनुपात ९६.३३ (पुरुष प्रति महिला) रहेको देखिन्छ । अपाङ्गता भएका जनसंख्या १.६% मध्ये महिला १.४% र पुरुष १.९% रहेको छ। यस जिल्लाको साक्षरता प्रतिशत ८१.२३ रहेको छ।

यो जिल्लाको पूर्वमा नवलपरासी जिल्लाको सुनवल र रामग्राम नगरपालिका र पल्हिनन्दन गाउँपालिका, पश्चिममा कपिलवस्तु जिल्लाको वाणगंगा नगरपालिका र शुद्धोधन गाउँपालिका, उत्तरमा अर्घाखाँची जिल्लाको सितगंगा नगरपालिका र पाल्पा जिल्लाको तिनाउ गाउँपालिका, माथागढी गाउँपालिका र रैनादेवी छहरा गाउँपालिका तथा दक्षिणमा छिमेकी राष्ट्र भारतको उत्तर प्रदेशको महाराजगंज र सिद्धार्थनगर जिल्लाका सिमानासंग जोडिएर रोहिणी गाउँपालिका, सिद्धार्थनगर नगरपालिका, मायादेवी गाउँपालिका, कोटहीमाई गाउँपालिका, मर्चवारी गाउँपालिका, सम्मरीमाई गाउँपालिका र लुम्बिनी सांस्कृतिक नगरपालिका रहेका छन् । रोहिणी गाउँपालिका देखि लुम्बिनी साँस्कृतिक नगरपालिका सम्मको ७०.२ कि.मि. दुरी खुला सीमाना रहेको छ । ४ वटा गाउँपालिका र २ वटा नगरपालिकाका केही वडाहरु भारतको महाराजगञ्ज र सिद्धार्थनगर जिल्लासँग जोडिएका छन् । बेलहिया, भगवानपुर, मनहरापुर, अमवा, सेमरपानी, कदमहवा, खैराघाट, ठोटरी, चण्डीघाट, दुबेथुमुवा, हडवड र कालीदह दक्षिण तर्फका सीमामा जोडिएका मुख्य नाकाहरु हुन् ।

मौसमको परिवर्तनसँगै पृथ्वीमा आउने विभिन्न प्रकारका मौसमी तथा ऋतु परिवर्तनका गतिविधिहरुले गर्दा वर्षेनि आगलागी र चट्याङका घटनाहरुमा वृद्धि भई ठूलो धनजनको क्षति हुने गरेको छ । विशेषगरी हेमन्त ऋतु, शिशिर ऋतु, बसन्त ऋतु तथा ग्रिष्म ऋतुमा आगलागीका घटनाहरु बढी हुने गरेका छन् । गर्मी महिना शुरु भएसँगै आगलागीका घटनाहरु बढ्न थाल्छन् । विशेष गरी तराई क्षेत्रमा गर्मी मौसमको शुरुवात भएसँगै तातो हावाहुरी 'लू' चल्ने हुनाले सानो आगोको झिल्कोबाट नै भिषण आगलागी हुने खतरा हुन्छ । यो समयमा हामीले आगोलाई एकदमै होसियारपूर्वक प्रयोग गर्नुपर्छ । अत्याधिक गर्मी र सुख्खा मौसमका कारण विशेष गरी यस जिल्लाका बुटवल उपमहानगरपालिका, देवदह नगरपालिका, सैनामैना नगरपालिकाका र आसपासका पहाडी क्षेत्रमा घास-दाउरा खोज्न र बस्तुभाउ चराउन जंगलजाने मानिसहरुले सलाई र लाईटर जस्ता आगलागी जन्य सामग्रीहरु प्रयोग गरी आगोबाल्ने र चुरोटबिडी जस्ता समग्रीको जथाभावी प्रयोग गर्ने गरेका कारण आगलागी हुँदा बर्षेनी ठूलो धनजनको क्षति हुनुका साथै जंगलमा रहेका चराचुरुङ्गी लगायत बन्यजन्तुको समेत मृत्यु हुने गरेको छ । उच्च गर्मी हुने मौसम चैत्र, बैशाख र जेठ महिनामा पश्चिमी वायुका कारण अत्याधिक तातो हावाहुरी चल्ने हुँदा आगलागीका घटना बढ्नुका साथै मानवीय स्वास्थ्यमा समेत प्रतिकुल प्रभाव पर्ने देखिन्छ । यो जिल्ला आगलागी र हुरिबतास विपद्का दृष्टिकोणले उच्च जोखिममा पर्दछ । मानवबस्ती मात्र नभई बन क्षेत्रमा समेत आगलागी हुँदा बस्ती नै जोखिममा पर्ने, बन्यजन्तु र बनस्पतिमा क्षति हुन गई पर्यावरणमा समेत प्रतिकुल असर पर्ने हुँदा यस प्रकृतिका विपद्जन्य

भाग - एक

## १. पृष्ठभूमि

विश्व मानचित्रमा समुद्री सतहबाट १०० मिटर देखि १२१९ मिटर सम्मको उचाईमा रहेको यो जिल्ला ८३° ११'१६" देखि ८३° ३८' ७" पूर्वी देशान्तर २७° २०'००" देखी २७° ४७' २५" उत्तरी अक्षांशमा फैलिएको छ। नेपालका ७ प्रदेशहरु मध्ये लुम्बिनी प्रदेशमा पर्ने रुपन्देही जिल्लाको कुल क्षेत्रफल १३६० वर्ग किलोमिटर मध्ये खेतियोग्य जमिन ८५,१२२ हेक्टर र ३२००६ हेक्टर बन जंगलले ढाकेको छ । निर्वाचन क्षेत्र ५ वटा, उपमहानगरपालिका १ वटा, नगरपालिका ५ वटा गाउँपालिका १ वटा रहेको यो जिल्लाको २०७८ सालको जनगणना अनुसार कूल जनसंख्या ११,२१,९५७ मा पुरुष ५,५०,४७८(४९.१%) र महिला ५,७१,४७९ (५०.९%) रहेको छ। बार्षिक जनसंख्या वृद्धिदर २.४०% र जनघनत्व ८२५ व्यक्ति प्रति वर्ग कि.मी. रहेको छ। लैङ्गिक अनुपात ९६.३३ (पुरुष प्रति महिला) रहेको देखिन्छ। अपाङ्गता भएका जनसंख्या १.६% मध्ये महिला १.४% र पुरुष १.९% रहेको छ। यस जिल्लाको साक्षरता प्रतिशत ८१.२३ रहेको छ।

यो जिल्लाको पूर्वमा नवलपरासी जिल्लाको सुनवल र रामग्राम नगरपालिका र पल्हिनन्दन गाउँपालिका, पश्चिममा कपिलवस्तु जिल्लाको वाणगंगा नगरपालिका र शुद्धोधन गाउँपालिका, उत्तरमा अर्घाखाँची जिल्लाको सितगंगा नगरपालिका र पाल्पा जिल्लाको तिनाउ गाउँपालिका, माथागढी गाउँपालिका र रैनादेवी छहरा गाउँपालिका तथा दक्षिणमा छिमेकी राष्ट्र भारतको उत्तर प्रदेशको महाराजगंज र सिद्धार्थनगर जिल्लाका सिमानासंग जोडिएर रोहिणी गाउँपालिका, सिद्धार्थनगर नगरपालिका, मायादेवी गाउँपालिका, कोटहीमाई गाउँपालिका, मर्चवारी गाउँपालिका, सम्मरीमाई गाउँपालिका र लुम्बिनी सांस्कृतिक नगरपालिका रहेका छन्। रोहिणी गाउँपालिका देखि लुम्बिनी साँस्कृतिक नगरपालिका सम्मको ७०.२ कि.मि. दुरी खुला सीमाना रहेको छ। ४ वटा गाउँपालिका र २ वटा नगरपालिकाका केही वडाहरु भारतको महाराजगञ्ज र सिद्धार्थनगर जिल्लासँग जोडिएका छन्। बेलहिया, भगवानपुर, मनहरापुर, अमवा, सेमरपानी, कदमहवा, खैराघाट, ठोटरी, चण्डीघाट, दुबेथुमुवा, हडवड र कालीदह दक्षिण तर्फका सीमामा जोडिएका मुख्य नाकाहरु हुन्।

मौसमको परिवर्तनसँगै पृथ्वीमा आउने विभिन्न प्रकारका मौसमी तथा ऋतु परिवर्तनका गतिविधिहरुले गर्दा वर्षेनि आगलागी र चट्याङका घटनाहरुमा वृद्धि भई ठूलो धनजनको क्षति हुने गरेको छ। विशेषगरी हेमन्त ऋतु, शिशिर ऋतु, बसन्त ऋतु तथा ग्रिष्म ऋतुमा आगलागीका घटनाहरु बढी हुने गरेका छन्। गर्मी महिना शुरु भएसँगै आगलागीका घटनाहरु बढ्न थाल्छन्। विशेष गरी तराई क्षेत्रमा गर्मी मौसमको शुरुवात भएसँगै तातो हावाहुरी 'लू' चल्ने हुनाले सानो आगोको झिल्कोबाट नै भिषण आगलागी हुने खतरा हुन्छ। यो समयमा हामीले आगोलाई एकदमै होसियारपूर्वक प्रयोग गर्नुपर्छ। अत्याधिक गर्मी र सुख्खा मौसमका कारण विशेष गरी यस जिल्लाका बुटवल उपमहानगरपालिका, देवदह नगरपालिका, सैनामैना नगरपालिकाका र आसपासका पहाडी क्षेत्रमा घास-दाउरा खोज्न र बस्तुभाउ चराउन जंगलजाने मानिसहरुले सलाई र लाईटर जस्ता आगलागी जन्य सामग्रीहरु प्रयोग गरी आगोबाल्ने र चुरोटबिडी जस्ता समग्रीको जथाभावी प्रयोग गर्ने गरेका कारण आगलागी हुँदा बर्षेनी ठूलो धनजनको क्षति हुनुका साथै जंगलमा रहेका चराचुरुङ्गी लगायत बन्यजन्तुको समेत मृत्यु हुने गरेको छ। उच्च गर्मी हुने मौसम चैत्र, बैशाख र जेठ महिनामा पश्चिमी वायुका कारण अत्याधिक तातो हावाहुरी चल्ने हुँदा आगलागीका घटना बढ्नुका साथै मानवीय स्वास्थ्यमा समेत प्रतिकुल प्रभाव पर्ने देखिन्छ। यो जिल्ला आगलागी र हुरिबतास विपद्का दृष्टिकोणले उच्च जोखिममा पर्दछ। मानवबस्ती मात्र नभई बन क्षेत्रमा समेत आगलागी हुँदा बस्ती नै जोखिममा पर्ने, बन्यजन्तु र बनस्पतिमा क्षति हुन गई पर्यावरणमा समेत प्रतिकुल असर पर्ने हुँदा यस प्रकृतिका विपद्जन्य

घटनाहरु न्यूनिकरण गर्न र विपद्का समयमा तत्काल प्रतिकार्य गर्न सरोकारवालाहरुसँगको संयुक्त प्रयास आवश्यक छ । यसै सन्दर्भमा सम्भावित आगलागी हुरी बतास एवं चट्याङ्को जोखिम व्यवस्थापन तथा पूर्व तयारीका गतिविधिहरुलाई योजनाबद्ध ढंगले अघि बढाउन **आगलागी, हुरिबतास र चट्याङ पूर्वतयारी तथा प्रतिकार्य योजना - २०८१,** तर्जुमा गरिएको छ ।

### १.२ रुपन्देही जिल्लाको मानचित्र




नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुपन्देही

जिल्ला अधिकारी

## १.३ आगलागी, हुरिबतास, चट्याङ पूर्व तयारी तथा प्रतिकार्य योजनाको उद्देश्य

यस आगलागी, हुरिबतास र चट्याङ पूर्व तयारी तथा प्रतिकार्य योजना २०८१ का उद्देश्यहरु निम्नानुसारका रहेका छन् :

क) जिल्ला स्थित स्रोत र साधनको अधिकतम उपयोग गरी आगलागी, हुरिबतास र चट्याङ, पूर्व तयारी तथा प्रतिकार्यलाई प्रभावकारी बनाई जनधनको क्षति न्यूनिकरण गर्नु ।

ख) आगलागी, हुरिबतास र चट्याङको समयमा प्रतिकार्यको लागि तयार पारिएका संरचनालाई प्रभावकारी बनाउनु ।

ग) जिल्ला स्थित मानवीय सहायतामा संलग्न निकायहरुको पहिचान गर्नु र विपद व्यवस्थापनमा परिचालन गर्नु ।

घ) आगलागी, हुरिबतास र चट्याङको समयमा जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिहरुको क्षमता अभिबृद्धि गर्दै अन्य सबै निकायहरुको परिचालन सुनिश्चित गर्नु ।

ङ) आगलागी, हुरिबतास र चट्याङबाट भएको मानविय क्षतिको विवरण र वितरित राहतको विवरण सम्बन्धमा जानकारी प्राप्त गर्नु ।

## १.४ आगलागी, हुरिबतास र चट्याङको समयमा मानवीय सहायतामा संलग्न साझेदार निकायको सेवा र शर्तहरु

| क्र.स. | निकाय कार्यालयको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| १. | जिल्ला प्रशासन कार्यालय तथा जिल्ला विपद् व्यवस्थापन समिति | प्रमुख जिल्ला अधिकारी | ▪ समन्वयात्मक र नेतृत्वदायी भूमिका निर्वाह गर्ने । |
| २. | जिल्ला समन्वय समिति | जिल्ला समन्वय अधिकारी | ▪ आवश्यकता अनुसार केन्द्रिय तथा प्रदेश स्तरमा सहयोग (मानवीय, आर्थिक एवं भौतिक) का लागि पहल गर्ने । |
| ३. | स्थानीय तह तथा स्थानीय बिपद् ब्यवस्थापन समिति | नगर/गाउँपालिका प्रमुख | ▪ समन्वयात्मक कार्यमा सहयोग गर्ने । ▪ स्थानीय आगलागी, हुरिबतास र चट्याङ पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी कार्यान्वयन गर्ने । |
| ४. | सुरक्षा निकाय | प्रमुख तथा प्रतिनिधि | ▪ आगलागी, हुरिबतास र चट्याङ पूर्व तयारी तथा प्रतिकार्यका लागि आकस्मिक कार्य योजना तर्जुमा गरी कार्यन्वयन गर्ने । |
| ५. | राजनैतिक दलहरू | दलका प्रमुखहरू | ▪ आगलागी, हुरिबतास र चट्याङ जोखिम न्यूनिकरणका लागि बजेट व्यवस्थापनमा आवश्यक समन्वय गर्ने । ▪ पूर्वतयारी र प्रतिकार्यमा जनशक्ति परिचालन गर्ने । |
| ६. | नेपाल रेडक्रस सोसाइटी | सभापति | ▪ आगलागी, हुरिबतास र चट्याङ जस्ता बिपद्का |

| क्र.स. | निकाय कार्यालयको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| | | | घटनाका विषयमा सर्वसाधरणमा सुचना प्रसारण गर्ने र सचेतना मुलक कार्यक्रम सञ्चालन गर्ने ।<br>■ राहत वितरण र पुर्नस्थापनाका कार्यमा सहयोग गर्ने । |
| ७. | विषयगत सरकारी कार्यालय | कार्यालय प्रमुखहरु | ■ आगलागी, हुरिबतास र चट्याङबाट प्रभावित हुनसक्ने विपन्न समुदायहरुको पहिचान गर्ने ।<br>■ राहत वितरण र पुर्नस्थापनाका लागि आवश्यक व्यवस्थापन गर्ने । |
| ८. | उद्योग वाणिज्य संघ | अध्यक्ष | ■ आगलागी, हुरिबतास र चट्याङबाट प्रभावितका लागि खाद्यान्न, इन्धन एवं कपडाको ब्यवस्था गर्ने । |
| ९. | डिभिजन वन कार्यालय र सामुदायिक बन उपभोक्ता समिति | कार्यालय प्रमुख अध्यक्ष | ■ डढेलो नियन्त्रणका लागि सचेतना फैलाउने ।<br>■ पूर्वतयारीका कार्य गर्ने ।<br>■ डढेलो नियन्त्रणका लागि आवश्यक औजारको व्यवस्थापन गर्ने । |
| १०. | यातायात व्यवसायी संघ | अध्यक्ष | ■ राहत तथा उद्दार कार्यका लागि यातायातका साधनहरुको व्यवस्थापन गर्ने । |
| ११. | संचार माध्यम | सञ्चारकर्मीहरु | ■ सूचना संकलन तथा संप्रेषण गर्ने एवं सचेतना जागृत गर्ने । |
| १२. | नागरिक समाज | अध्यक्ष | ■ राहत तथा उद्दार कार्यमा सहयोग गर्ने ।<br>■ सचेतना जागृत गर्ने । |
| १३. | पेशागत व्यवसायी जस्तै निर्माण व्यवसायी संघ | अध्यक्ष | ■ राहत, उद्दार तथा संरक्षण कार्यमा सहयोग गर्ने । |
| १४. | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स. | प्रमुख तथा प्रतिनिधि | ■ खाद्यन्न कपडा, दाउरा, ईन्धन, खाद्यन्न लगायतका राहत सामाग्रीको व्यवस्थापन गर्ने ।<br>■ स्रोत संकलनमा सहयोग गर्ने ।<br>■ गैरसरकारी संघ/संस्था बिच समन्वय गर्ने । |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुपन्देही

प्रमुख जिल्ला अधिकारी

## १.५ बिषयगत समिति अगुवा तथा सहयोगी संस्थाहरु:

जिल्ला तहमा विषयगत रूपमा नेतृत्व प्रदान गर्ने अगुवा संस्था (Closter Lead) को अगुवाईमा मानवीय सहयोगका गतिविधि सञ्चालन गर्न निम्न लिखित विषयगत क्षेत्र (Sector) गठन गरिएका छन् र ती विषयगत समितिसँग सम्बन्धित सहयोगी निकायहरूको विवरण निम्न अनुसार राखिएको छ

| क्र.सं. | बिषयगत समिति | क्षेत्रगत कार्य समूहको नेतृत्व | सहयोगी संघ/संस्था |
|---|---|---|---|
| १. | समन्वय र सूचना व्यवस्थापन | जिल्ला प्रशासन कार्यालय | जिल्ला समन्वय समिति, सुरक्षा निकाय, जिल्ला आपत्कालिन कार्य संचालन केन्द्र, नेपाल रेडक्रस सोसाइटी, नागरिक समाज, पत्रकार महासंघ र रेडियो तथा एफ.एम.आदि। |
| २. | खोज उद्धार तथा राहत व्यवस्थापन | जिल्ला प्रशासन कार्यालय | सुरक्षा निकाय, स्थानीय तहहरु, राजनैतिक दलहरु र नेपाल रेडक्रस सोसाईटी आदि। |
| ३. | खाद्य व्यवस्थापन | कृषि ज्ञान केन्द्र | जिल्ला समन्वय समिति, जिल्ला पशुसेवा विज्ञ केन्द्र, उद्योग वाणिज्य संघ, नेपाल रेडक्रस सोसाईटी आदी बहुक्षेत्रीय पोषण योजना। |
| ४. | गैर खाद्य सामाग्री र शिविर व्यवस्थापन | नेपाल रेडक्रस सोसाइटी | जिल्ला समन्वय समिति, नगरपालिका तथा गाउँपालिकाहरु, जलस्रोत तथा सिंचाइ विकास डिभिजन, जिल्ला वन कार्यालय, सामुदायिक वन उपभोक्ता महासंघ र सामुदायिक वन समितिहरु। |
| ५. | खानेपानी तथा सरसफाई | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, सम्पर्क कार्यालय | जिल्ला समन्वय समिति, नगरपालिका, गाउँपालिकाहरु, युनिसेफ, रेडक्रस सोसाइटी, बहुक्षेत्रीय पोषण। |
| ६. | प्राथमिक उपचार, स्वास्थ्य पोषण व्यवस्थापन | स्वास्थ्य कार्यालय, | नेपाल रेडक्रस सोसाइटी, युनिसेफ, अस्पताल, स्वास्थ्य तथा उप-स्वास्थ्य चौकी, बहुक्षेत्रीय पोषण योजना, सम्बद्ध गै.स.स, स्थानीय तह। |
| ७. | आपत्कालिन शिक्षा | शिक्षा बिकास तथा समन्वय ईकाइ | स्थानीय तहहरु, युनिसेफ, नेपाल रेडक्रस सोसाइटी, जिल्ला स्थित मिडिया, सहमति, नेपाल पत्रकार महासंघ, अन्य सम्वद्ध संघ/संस्थाहरु। |



जिल्ला अधिकारी

| क्र.सं. | बिषयगत समिति | क्षेत्रगत कार्य समूहको नेतृत्व | सहयोगी संघ/संस्था |
|---|---|---|---|
| ८. | संरक्षण | स्थानीय तह | गाउँपालिका, बालमन्दिर तथा अन्य संघ संस्थाहरु |

### १.६ आगलागी, हुरिबतास र चट्याङ पूर्व तयारी तथा प्रतिकार्य योजनाको सीमा

आगलागी, हुरिबतास र चट्याङ, पूर्व तयारी तथा प्रतिकार्य कार्ययोजना २०८१, जिल्ला विपद् ब्यवस्थापन समितिको निर्णयानुसार तर्जुमा गरिएको छ । यो योजना जिल्ला विपद् ब्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिले नियमित योजना तर्जुमा प्रक्रियाको अभिन्न अंगको रुपमा कार्यन्वयन गरिने छ। यो योजना आगलागी, हुरिबतास र चट्याङ जोखिमको व्वस्थापनमा मात्र सीमित हुनेछ । आगलागी, हुरिबतास र चट्याङ्ग प्रभावित समुदायलाई मानवीय सेवा र सुबिधा उपलब्ध गराउन निश्चित अवस्थालाई मनन गरी यसको प्रयोग गरिने छ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

प्रमुख जिल्ला अधिकारी

## भाग - दुई

## आगलागी, हुरिबतास र चट्याङ जोखिम बिश्लेषण

रुपन्देही जिल्लामा रहेका सबै स्थानीय तहमा गर्मी र सुख्खा याममा आगलागी, हुरिबतास र चट्याङ्को प्रभाव मानव, पशुपंक्षि तथा कृषिमा पर्ने गरेको छ । जिल्लामा चैत्र महिनाको पहिलो हप्ता देखि जेठ महिनाको अन्त्य सम्ममा आगलागी, हुरिबतास र चट्याङ्गको प्रभाव देखिन्छ । विगतका आगलागी, हुरिबतास र चट्याङ्गको समयमा पनि जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी र अन्य सरकारी तथा गैर सरकारी संस्थाहरुबाट जोखिमयुक्त समुदायमा खाद्यन्न, लत्ता कपडा र त्रिपालको प्रबन्ध भएको थियो । यस्तै स्वास्थ्य कार्यालय र स्वास्थ्यकर्मीबाट मौसमी प्रतिकुलताको बाबजुद अहोरात्र सेवा प्रदान गरिदै आएको छ ।

### २. आगलागी, हुरिबतास र चट्याङ्को समुदायमा पुऱ्याउन सक्ने जोखिम

- घरपालुवा जनावर, बालीनाली तथा अन्य सम्पत्तिमा गरी करोडौं रुपैयाँबरावरको क्षति हुनसक्ने ।
- भिजिविलिटि कम हुँदा सवारी दुर्घटना हुन सक्ने ।
- स्वास्थ्य केन्द्रहरूमा आगलागीको धुलो र हुरी बतासले उडाएको धुलोले बिरामीको संख्यामा बृद्धि, स्वास्थ्य संस्थामा औषधी तथा कर्मचारी अपर्याप्त हुनसक्ने ।
- विद्यालयहरूमा पठनपाठन कार्यमा कठिनाई हुने ।
- गर्मीको समयमा बालबालिका, महिला, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका मानिसहरुमा बढि जोखिम हुनसक्ने ।

### २.१ आगलागी, हुरिबतास र चट्याङ्गको जोखिम बिश्लेषण

| क्र.सं | स्थान | समस्या तथा विपद् | कारण | कारक तत्व | प्रभाव | सम्भावित समाधानका उपायहरु |
|---|---|---|---|---|---|---|
| १. | रुपन्देही जिल्लाभर | आगलागी, हुरिबतास र चट्याङ | मानविय कारण प्राकृतिक कारण | जलबायु परिवर्तन, बायुमण्डलीय चाप, मानवीय क्रियाकलाप | श्वास प्रश्वास रोग, पखाला, पशुमा रोग लाग्नु तथा कृषि बालीको उत्पादनमा कमी, आगलागी | सतर्कता अपनाउने बालबालिका र बृद्धहरुलाई बिशेष ध्यान दिने पूर्व तयारीका लागि सरोकारवाला निकायबीच आवश्यक समन्वय र सहकार्य गर्ने |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय



प्रमुख जिल्ला अधिकारी

भाग – ३

## जिल्ला स्थित स्रोत, साधनको आँकलन

आगलागी, हुरिबतास र चट्याङ्गको न्यूनीकरणको लागि जिल्ला भित्र उपलब्ध स्रोत तथा साधनहरुको आँकलन गरी प्राप्त विवरणहरुलाई तालिकाबद्ध गरिएको छ ।

### ३. जिल्ला तहमा उपलब्ध हुनसक्ने साधन, स्रोतहरुको विवरण

| क्र.सं. | कार्यालय, निकायहरु | उद्धार, तथा राहत सामग्रीहरु |
|---|---|---|
| १. | जिल्ला प्रशासन कार्यालय | जिल्ला विपद् व्यवस्थापन कोषमा रु. २५,०००००।- मौज्दात रहेको र आवश्यकतानुसार केन्द्रबाट रकम निकासा हुने |
| २. | स्थानीय तह | कोष/जनशक्ति/सवारी साधन (दमकल, गाडी) |
| ३. | नेपाली सेना | उपलब्ध हुनसक्ने जनशक्ति - आवश्यक मात्रामा (खोज तथा उद्दार सामग्री) |
| ४. | जिल्ला प्रहरी कार्यालय रुपन्देही मातहतका प्रहरी इकाई सहित | उपलब्ध हुनसक्ने जनशक्ति - आवश्यक मात्रामा (खोज तथा उद्दार सामग्री) |
| ५. | सशस्त्र प्रहरी बल, नेपाल नं. २७ गण हेक्वा, रुपन्देही | उपलब्ध हुनसक्ने जनशक्ति - आवश्यक मात्रामा |
| ६. | भेटेनरी अस्पताल र पशु सेवा बिज्ञ केन्द्र | पशु उपचारका लागि औषधी व्यवस्था, गाडी- १, मोटरसाईकल - ४, तुरुन्त उपलब्ध हुनसक्ने जनशक्ति- ६ |
| ७. | स्वास्थ्य कार्यालय | तालिम प्राप्त स्वास्थ्यकर्मी (RRT) परिचालन, गाडी - १, मोटरसाईकल - ७, मानव स्वास्थ्यका लागि औषधीहरुको व्यवस्था । |
| ८. | शिक्षा विकास तथा समन्वय इकाइ | मानवस्रोत, आपत्कालीन आश्रयका लागि विद्यालय भवन उपलब्ध हुन सक्ने । |
| ९. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | मोटरसाईकल-२, मानवस्रोत-२ जना, पानी शुद्धिकरणका लागि स्वास्थ्य शिक्षा र औषधी आवश्यकता अनुसार उपलब्ध गर्ने । |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला ... जिल्ला अधिकारी

| क्र.सं. | कार्यालय, निकायहरु | उद्धार, तथा राहत सामग्रीहरु |
|---|---|---|
| १०. | कृषि ज्ञान केन्द्र | गाडी-१ वटा, मोटरसाईकल ३, मानवस्रोत- आवश्यकता अनुसार परिचालन गर्न सक्ने । |
| ११. | नेपाल रेडक्रस सोसाईटी, जिल्ला शाखा | मानवश्रोत, हाजार्ड किट, कपडा सेट, भाडाँहरु, बाल्टिन, मग आदि । |
| ११. | उद्योग वाणिज्य संघहरु | आवश्यकता अनुसार खाद्यान्न तथा लत्ता कपडा सहयोग उपलब्ध हुने । |
| १२. | डिभिजन वन कार्यालय, रुपन्देही | प्रतिकार्य औजार , काठ दाउरा उपलब्ध हुने । |

## ३.१. स्थानीय तहमा उपलब्ध हुनसक्ने साधन, स्रोतहरुको विवरण

| क्र.सं. | पालिकाको नाम | विपद् व्यवस्थापन कोषमा मौजदात रहेको रकम | प्रतिकार्य र पुनर्स्थापना विधि |
|---|---|---|---|
| १. | वुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय | ९४ लाख ४ हजार ५ सय ७३ | स्थानीय विपद् व्यवस्थापन समितिको निर्णयानुसार व्यवस्था गर्ने |
| २. | देवदह नगरपालिका नगरकार्यपालिकाको कार्यालय | ३ लाख ४३ हजार २ सय ४६ | स्थानीय विपद् व्यवस्थापन समितिको निर्णयानुसार व्यवस्था गर्ने |
| ३. | लुम्विनी सांस्कृतिक नगरपालिका नगरकार्यपालिकाको कार्यालय | १ करोड ४० लाख १८ हजार ७ सय ७९ | स्थानीय विपद् व्यवस्थापन समितिको निर्णयानुसार व्यवस्था गर्ने |
| ४. | सैनामैना नगरपालिका नगरकार्यपालिकाको कार्यालय | ४२ लाख ४८ हजार ५९५ | स्थानीय विपद् व्यवस्थापन समितिको निर्णयानुसार व्यवस्था गर्ने |
| ५. | सिद्धार्थनगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय | ५१ लाख | स्थानीय विपद् व्यवस्थापन समितिको निर्णयानुसार व्यवस्था गर्ने |
| ६. | तिलोत्तमा नगरपालिका नगरकार्यपालिकाको कार्यालय | १ करोड | स्थानीय विपद् व्यवस्थापन समितिको निर्णयानुसार व्यवस्था गर्ने |
| ७. | गैडहवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय | १० लाख | स्थानीय विपद् व्यवस्थापन समितिको निर्णयानुसार व्यवस्था गर्ने |
| ८. | कंचन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय | ३ लाख | स्थानीय विपद् व्यवस्थापन समितिको निर्णयानुसार व्यवस्था गर्ने |
| ९. | कोटहीमाई गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय | १० लाख | स्थानीय विपद् व्यवस्थापन समितिको निर्णयानुसार व्यवस्था गर्ने |
| १०. | मर्चवारी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय | ३ लाख | स्थानीय विपद् व्यवस्थापन समितिको निर्णयानुसार व्यवस्था गर्ने |
| ११. | मायादेवी गाउँपालिका | १९ लाख ७६ हजार | स्थानीय विपद् व्यवस्थापन समितिको |

| | | | |
|---|---|---|---|
| | गाउँकार्यपालिकाको कार्यालय | | निर्णयानुसार व्यवस्था गर्ने |
| १२. | ओमसतिया गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय | १८ लाख | स्थानीय विपद् व्यवस्थापन समितिको निर्णयानुसार व्यवस्था गर्ने |
| १३. | रोहिणी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय | ७ लाख ३२ हजार १८३ | स्थानीय विपद् व्यवस्थापन समितिको निर्णयानुसार व्यवस्था गर्ने |
| १४. | सम्मरीमाई गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय | ७ लाख ७४ हजार १८८ | स्थानीय विपद् व्यवस्थापन समितिको निर्णयानुसार व्यवस्था गर्ने |
| १५. | सियारी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय | ६ लाख ८६ हजार | स्थानीय विपद् व्यवस्थापन समितिको निर्णयानुसार व्यवस्था गर्ने |
| १६. | शुद्धोधन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय | ६ लाख | स्थानीय विपद् व्यवस्थापन समितिको निर्णयानुसार व्यवस्था गर्ने |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुपन्देही

प्रमुख जिल्ला अधिकारी

भाग – ४

## आगलागी, हुरिबतास र चट्याङ्गको पूर्व तयारी तथा प्रतिकार्य सम्बन्धी योजना

### ४.१ आगलागी, हुरिबतास र चट्याङ्गको पूर्व तयारी तथा प्रतिकार्य विवरणहरू

| क्र.सं | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| १. | आगलागी, हुरिबतास र चट्याङ्गको पूर्व तयारी सम्बन्धी बैठक राख्ने | जिल्ला प्रशासन कार्यालय, स्थानीय तह | जिल्ला विपद् व्यवस्थापन र स्थानीय विपद् व्यवस्थापन समितिका सदस्य निकाय | तुरुन्तै |
| २. | आगलागी नियन्त्रणका लागि आवश्यक औजारहरु | डिभिजन वन कार्यालय | सामुदायिक वन | तुरुन्तै |
| ३. | सुरक्षा निकायले आवश्यक पूर्व तयारी गर्ने | नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी वल | जिल्ला विपद् व्यवस्थापन समिति | तुरुन्तै |
| ४. | स्वास्थ्य सम्बन्धी समस्यालाई रोकथाम गर्ने, जनचेतनामूलक कार्यक्रम, स्वास्थ्यकर्मी, औषधीहरु, द्रुत प्रतिकार्य समूह परिचालन गर्ने | स्वास्थ्य कार्यालय | स्थानीय तह | तुरुन्तै |
| ५. | आगलागी तथा निसास्सिने समस्याबाट बच्न सचेतनामूलक तथा सन्देशमूलक सूचना स्थानीय भाषामा समेत तयार पारी संचार माध्यम मार्फत प्रचार/ प्रसार गर्ने, दमकल तयारी हालतमा राख्ने। | स्थानीय तह | स्थानीय रेडियो, पत्रिका र संचारकर्मी | तुरुन्तै |
| ६. | स्थानीय स्वयम सेवक तयारी र परिचालन गर्ने | स्थानीय तह | स्थानीय विपद ब्यवस्थापन समिति, नागरिक समाज र गै.स.स. | तुरुन्तै |
| ७.. | न्यूनतम Logistic ब्यवस्थापन गर्ने | स्थानीय तह | स्थानीय विपद ब्यवस्थापन समिति र नेपाल रेडक्रस सोसाईटी | तुरुन्तै |
| ८. | खाद्यन्न र तरकारी विउ Stock | कृषि ज्ञान केन्द्र र कृषि | स्थानीय विपद् | तुरुन्तै |

| क्र.सं | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| | राख्ने | शाखाहरु | ब्यवस्थापन समिति | |
| ९. | दमकल पूर्व तयारी | सम्बन्धित स्थानीय तह | स्थानीय तह | तुरुन्तै |
| १०. | डढेलो नियन्त्रण | सामुदायिक वन र डिभिजन वन कार्यालय | सामुदायिक वन र डिभिजन वन कार्यालय | तुरुन्तै |
| ११. | माछा र पशुपंक्षिको उपचार | भेटेनरी अस्पताल र पशुसेवा बिज्ञ केन्द्र | स्थानीय तह | तुरुन्तै |
| १२. | पशुपन्छीका बिभिन्न रोग बिरुद्ध भ्याक्सिन लगाउने | भेटेनरी अस्पताल र पशुसेवा बिज्ञ केन्द्र | स्थानीय तह | तुरुन्तै |
| १३. | सुरक्षित तथा न्यूनतम मानवीय स्तरका अस्थायी आवास र कपडाको व्यवस्था गर्ने | नेपाल रेडक्रस सोसाईटी शाखा तथा उपशाखाहरु | स्थानीय तह | तुरुन्तै |
| १४. | विपद् सम्बन्धी सूचनाको यथाशिघ्र जानकारी दिने। | नागरिक समाज सञ्चार गृह | आम नागरिक | तुरुन्तै |

### ४.२. आगलागी हुने कारणहरु

- बिजुलीको तार सर्ट हुनु।
- भान्साबाट आगो उत्पन्न हुनु।
- खाना पकाउने ग्याँस लिख भई आगो उत्पन्न हुनु।
- एक स्थानबाट बलेको आगो अन्यत्र सल्किनु।
- सलाई, लाइटरको लापरवाहीपूर्ण प्रयोग।
- लामखुट्टे धपाउने धुप बाल्नु।
- सवारी साधनमा अचानक आगो लाग्नु ।
- थ्रेसरबाट गहुँ झार्ने क्रममा अचानक आगलागी हुनु।
- चट्याङका कारण ।

### ४.३ आगलागीबाट बच्ने उपायहरु

- सलाई, लाइटर जस्ता आगोजन्य पदार्थ बालबालिकाको पहुँचबाट टाढा राख्ने।
- घरको शयनकक्ष वा अन्य आवश्यक स्थानहरुमा स्मोक डिटेक्टर राख्ने,
- अनिवार्य रुपमा घरमा फायर इट्रिङ्गेसर राख्ने तथा कसरी प्रयोग गर्ने भन्ने कुरा परिवारका सबैलाई जानकारी गराउने।

| क्र.सं | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| | राख्ने | शाखाहरु | ब्यवस्थापन समिति | |
| ९. | दमकल पूर्व तयारी | सम्बन्धित स्थानीय तह | स्थानीय तह | तुरुन्तै |
| १०. | डढेलो नियन्त्रण | सामुदायिक वन र डिभिजन वन कार्यालय | सामुदायिक वन र डिभिजन वन कार्यालय | तुरुन्तै |
| ११. | माछा र पशुपंक्षिको उपचार | भेटेनरी अस्पताल र पशुसेवा बिज्ञ केन्द्र | स्थानीय तह | तुरुन्तै |
| १२. | पशुपन्छीका बिभिन्न रोग बिरुद्ध भ्याक्सिन लगाउने | भेटेनरी अस्पताल र पशुसेवा बिज्ञ केन्द्र | स्थानीय तह | तुरुन्तै |
| १३. | सुरक्षित तथा न्यूनतम मानवीय स्तरका अस्थायी आवास र कपडाको व्यवस्था गर्ने | नेपाल रेडक्रस सोसाईटी शाखा तथा उपशाखाहरु | स्थानीय तह | तुरुन्तै |
| १४. | विपद् सम्बन्धी सूचनाको यथाशिघ्र जानकारी दिने। | नागरिक समाज सञ्चार गृह | आम नागरिक | तुरुन्तै |

**४.२. आगलागी हुने कारणहरु**

- बिजुलीको तार सर्ट हुनु।
- भान्साबाट आगो उत्पन्न हुनु।
- खाना पकाउने ग्याँस लिख भई आगो उत्पन्न हुनु।
- एक स्थानबाट बलेको आगो अन्यत्र सल्किनु।
- सलाई, लाइटरको लापरवाहीपूर्ण प्रयोग।
- लामखुट्टे धपाउने धुप बाल्नु।
- सवारी साधनमा अचानक आगो लाग्नु ।
- थ्रेसरबाट गहुँ झार्ने क्रममा अचानक आगलागी हुनु।
- चट्याङका कारण ।

**४.३ आगलागीबाट बच्ने उपायहरु**

- सलाई, लाइटर जस्ता आगोजन्य पदार्थ बालबालिकाको पहुँचबाट टाढा राख्ने।
- घरको शयनकक्ष वा अन्य आवश्यक स्थानहरुमा स्मोक डिटेक्टर राख्ने,
- अनिवार्य रुपमा घरमा फायर इट्रिङ्गेसर राख्ने तथा कसरी प्रयोग गर्ने भन्ने कुरा परिवारका सबैलाई जानकारी गराउने।

- आगलागी भएको अवस्थामा घरभित्र नलुक्ने तथा परिवारका सबैलाई चाडो बाहिर निकाल्ने।
- धुँवा भएको स्थानबाट बाहिर निस्कँदा घोप्टो परेर वा घस्रेर निस्कने।
- लगाएको कपडामा आगोले भेट्यो भने कदापि नदौडिने दौडदाखेरी आगो अझ बढि बल्ने हुँदा कपडामा लागेको आगो निभाएर मात्रै दौडने र आगलागी भएको जानकारी हुनसाथ जिल्ला प्रहरी कार्यालयको प्रहरी कन्ट्रोल नं. १००, ९८५७०९०६२२ र संचार ९८५७०९०४८२ सशस्त्र प्रहरी बल नेपाल नं. २७ गण हेक्वा, रुपन्देहीको संचार ९८५१२७२१४४ मा तुरुन्त जानकारी गराउने।

### ४.४. समन्वय तथा जिम्मेवारीहरु

क) जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना बमोजिम क्षेत्रगत समूहका सवै निकायले कार्ययोजना तर्जुमा गर्ने।

ख) आगलागी, हुरिबतास र चट्याङ्बाट प्रभावितलाई राहत उपलब्ध गराउँदा जेष्ठ नागरिक, अपाङ्ग, सुत्केरी र गर्भवती महिलालाई प्राथमिकता दिने।

ग) आगलागी, हुरिबतास र चट्याङको जोखिममा रहेका समुदायलाई जोखिम न्यूनीकरणकोलागि स्थानीय तह, सरकारी तथा गैर सरकारी संस्थासंग समन्वय गरी खाद्यन्न, त्रिपाल र न्यानो कपडाको प्रवन्ध गर्ने।

घ) संघीय सरकार, प्रदेश सरकार र स्थानीय तह संग समन्वयकारी भूमिका निर्वाह गर्ने।

ङ) जल तथा मौसम विज्ञान विभागबाट जारी हुने प्रत्येक ३ दिने मनसुन बुलेटिनलाई स्थानीय समुदाय सम्म पुऱ्याउने।

च) दमकल व्यवस्थापनका लागि अन्तर निकाय एवं अन्तर तह समन्वय गर्ने।

### ४.५ पूर्व तयारी प्राथमिकता

क) विपद्सँग सम्बन्धित सरोकारवाला निकायसँग नियमिति समन्वय बैठक गर्ने।

ख) सबै स्थानीय तहहरुले सचेतनामूलक कार्यक्रम संचालन गर्ने।

ग) स्थानीय तहहरुले आगलागी, हुरिबतास र चट्याङ सम्बन्धी प्रतिकार्य योजना तर्जुमा गरी कार्यन्यवन गर्ने।

घ) आगलागी, हुरिबतास र चट्याङको जोखिमको अवस्थामा रहेको जनसंख्याको पहिचान गरि खाद्यन्न, त्रिपाल, र लत्ता कपडाको प्रबन्ध गर्ने।

ङ) स्थानीय रेडियोबाट स्थानीय भाषामा समेत आगलागी, हुरिबतास र चट्याङ सम्बन्धी सचेतनामूलक सूचना प्रसारण गर्ने।

च) जल तथा मौसम बिज्ञान बिभागले जारी गर्ने प्रत्येक तीन दिने मौसम सम्बन्धी सूचना स्थानीय समुदाय सम्म पुऱ्याउने।

छ) स्थानीय तहहरुले दमकलको व्यवस्था गर्ने।

ज) स्थानीय संचार माध्यामद्धारा आगलागी, हुरिबतास र चट्याङ सम्बन्धी प्रकाशन तथा प्रसारण गर्ने।

नेपाल सरकार जिल्ला ... जिल्ला अधिकार

झ) आगलागी, हुरिबतास र चट्याङको समयमा हुनसक्ने आगलागी र निसास्सिन सक्ने समस्याबारेमा सचेतना जागृत गराउने ।

ञ) डिभिजन वन कार्यालयले बनक्षेत्रमा फायर लाईन बनाउने ।

**४.४. आगलागी, हुरिबतास र चट्याङको जोखिम न्यूनीकरण सूचनामूलक सन्देशहरु**

क) आगलागीवाट बच्न सलाई लाईटर, खाना पकाउने ग्याँस लगायतका बारुणजन्य सामग्रीहरु निश्चित स्थानमा राख्ने गरौं ।

ख) आगलागी, हुरिबतास र चट्याङ्को समयमा झ्याल ढोका बन्द गर्ने र सुरक्षित स्थानमा बस्ने बानी बसालौं ।

ग) आगलागी, हुरिबतास र चट्याङ् आउने संकेत देखिना साथ मानिस एवं पशु चौपाया सुरक्षित स्थानमा पुऱ्याउने व्यवस्था मिलाउने ।

घ) हुरीबतासको समयमा विभिन्न किसिमका स्वास्थ समस्या देखिने हुँदा सुरक्षाका मापदण्ड अपनाऔ र अपनाउन लगाऔ ।

ङ) आगलागी भएको जानकारी पाउन साथ स्थानीय व्यक्तिहरुको सहयोग मागौं र नजिकैको प्रहरी यूनिट वा दमकल भएको स्थानमा खबर गरौं ।

च) बन जंगलमा जाँदा प्रज्वलनशील सलाई लाईटर र प्रज्वलनशिल पदार्थहरुको प्रयोग नगरौं र नगराऔं ।

**४.५ आगलागी नियन्त्रणका लागि स्थानीय तहहरुमा रहेका दमकलहरुको विवरण :-**

| सिनं. | स्थानीय तहको नाम | संख्या | झमता | दमकल चालक | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|
| १. | बुटवल उपमहानगरपालिका | २ चालु | ४००० लिटर<br>४५०० लिटर | ओम राना | ०७१५३०१११-,<br>९८४४७६२२२८ |
| २. | सिद्धार्थनगर नगरपालिका | १ चालु | ४००० लिटर | जोगेन्द्रर यादव | ०७१५-७०२१५<br>९८०४४४२३१२ |
| ३. | सैनामैना नगरपालिका | १ चालु | ५५०० लिटर | डिल बहादुर खत्री | ९८४७२५२१२४ |
| ४. | तिलोत्तमा नगरपालिका | १ चालु | ४५०० लिटर | पामा अर्जुन गाहा | ०७१ ५६१३११-<br>९८६६६९४८२२ |
| ५. | देवदह नगरपालिका | १ चालु | ४००० लिटर | श्याम कवँर | ९८५७०३९५३२ |
| ६. | लुम्बिनी सा.न.पा. | १ चालु | ४५०० लिटर | एजाज मुसलवान | ०७१५८०३०५-<br>९८१०३१०९९६ |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

प्रमुख जिल्ला अधिकारी

## ४.६ जिल्ला विपद् व्यवस्थापन समितिका पदाधिकारीहरुको महत्वपूर्ण सम्पर्क नं.हरु

| क्र.सं. | कार्यालय | पद | नामथर | कार्यालयको सम्पर्क नं. |
|---|---|---|---|---|
| १. | जिल्ला प्रशासन कार्यालय, रुपन्देही | प्र.जि.अ. | बासुदेब घिमिरे | ९८५७०७७७७७ |
| | | स.प्र.जि.अ./सू.अ. | चिरन्जिवी राना | ९८५७०१८७७७ |
| | | स.प्र.जि.अ. | अयोध्या प्रसाद भण्डारी | ९८५७०३५१११ |
| २. | जिल्ला प्रहरी कार्यालय, रुपन्देही | प्र.उ | रजिंत सिंह राठौर | ९८५७०७५५५५ |
| ३. | सशस्त्र प्रहरी बल नेपाल नं. २७ गण हेक्व, रुपन्देही | स.प्र.उ. | मेखराज जोशी | ९८५१२७२११५ |
| ४. | जिल्ला अनुसन्धान कार्यालय रुपन्देही | उप.अनु.नि | हरिष बहादुर बिष्ट | ९८५७०१७९०४ |
| ५. | नेपाली सेना तारा दल गण रामनगर व्यारेक, वुटवल | प्रमुख सेनानी | सुबर्ण खड्का | ९८५५०१५०५२ |
| ६. | DEOC रुपन्देही | सह.स.प्र. | सुरेश खनाल | ९८४६७०२९३८ |
| | | प्र.ह. | दामोदर भण्डारी | ९८४७०१५२७४ |
| ७. | | | कार्यालयको नं. | ९८५७०२०८२० |

## ४.७ स्थानीय तहका विपद् सम्पर्क व्यक्तिहरुको नाम र सम्पर्क नं.

| सिं नं. | स्थानीय तहको नाम/ ईमेल आईडी | नामथर | सम्पर्क नं | |
|---|---|---|---|---|
| १ | वुटवल उपमहानगरपालिकाको कार्यालय | ई.योगेश चापागाई | 9857033678 | bipad@butwalmun.gov.np<br>bipad@butwalmun.gov.np |
| २ | देवदह नगरपालिकाको कार्यालय | रवि पाण्डे | 9847037262 | devdahamun@gmail.com |
| ३ | लुम्बिनी सांस्कृतिक नगरपालिका | शेषराम यादव | 9847040567 | lumbiniculturalmunicipality@gmail.com |
| ४ | सैनामैना नगरपालिकाको कार्यालय | सुरज न्यौपाने | 9857059595 | sainamainamunicipality@gmaill.com |
| ५ | सिद्धार्थनगर नगरपालिकाको कायालय | यादव सापकोटा | 9847023717 | siddharthanagar.municipalitl@gmail.com |
| ६ | तिलोत्तमा नगरपालिकाको कार्यालय | युवराज पन्थी | 9857072727 | tilottamamun@gmail.com |
| ७ | गैडहवा गाउँपालिकाको कार्यालय | रामपत मल्लाह | 9867513576 | gaidahawagaupalika@gmail.com |
| ८ | कंचन गाउँपालिकाको कार्यालय | रामप्रसाद गौतम | 9847082388 | kanchangaupalika@gmail.com |
| ९ | कोटहीमाई गाउँपालिकाको कार्यालय | सनोज कुमार चौधरी | 981445917 | kotahimaimun@gmail.com |
| १० | मर्चवारी गाउँपालिकाको कार्यालय | रामचन्द्र भुषाल | 9857010492 | marchawari2073@gmail.com |
| ११ | मायादेवी गाउँपालिकाको कार्यालय | निरन्जन गुप्ता | 9857091017 | marchawari2073@gmail.com |
| १२ | ओमसतीया गाउँपालिकाको कार्यालय | राजेश यादव | 9867002814 | omsatiyagapa@gmail.com |
| १३ | रोहिणी गाउँपालिकाको कार्यालय | कल्पना खनाल | 9847328453 | rohinigaupalika1@gmail.com |
| १४ | सम्मरीमाई गाउँपालिकाको कार्यालय | ई.रामदेव गुप्ता | 9846784505 | sammarimairm@gmail.com |
| १५ | सियारी गाउँपालिकाको कार्यालय | स.ई. किरण क्षेत्री | 9857010127 | **Siyarimun @ gmail.com** |
| १६ | शुद्धोधन गाउँपालिकाको कार्यालय | प्राम्सु ढकाल | 9867126915 | shuddhodhanrum@gmail.com |

## ५. निष्कर्ष

यस जिल्लामा गर्मी र सुख्खा यामबढेसँगै अत्यधिक गर्मीका कारण आगलागी, हुरिबतास र चट्याङ्को सम्भावना अत्याधिक हुने गर्दछ । वर्षेनी गर्मीयाममा जमिन सुख्खा हुने तातो हावा चल्ने (लू-लाग्ने) हावाहुरी चट्याङ्का कारण मानिसहरुमा विभिन्न खालका माहामारी जन्य रोगहरुले आक्रमण गर्ने एवं आगलागीका कारण कति घर परिवार घरबार विहिन हुने साथै हजारौको संख्यामा पशु चौपायाहरुको मृत्यु समेत हुने गरेको छ । प्राकृतिक प्रकोपका कारण कैयौ मानिसहरुको मृत्यु हुने गरेको छ । विभिन्न पशु चौपाया, बालिनाली एवं भौतिक पूर्वाधारमा हुन सक्ने क्षति एवं असरलाई  असर र प्रभावलाई न्यूनीकरण गरी नागरिकहरुको जनधनको सुरक्षा गर्ने अभिप्रायले विपद व्यवस्थापनमा सरोकार राख्ने सबै पक्षहरुसँगको छलफल, अन्तरक्रिया र विश्लेषणबाट **आगलागी, हुरिबतास र चट्याङ्को पूर्व तयारी तथा प्रतिकार्य योजना २०८१,** तर्जुमा गरी मिति २०८१/१२/०६ गते जिल्ला विपद् व्यवस्थापन समितिबाट स्वीकृत गरिएको छ । विपद् व्यवस्थापनको क्षेत्रमा काम गर्ने सबै सरकारी एवं गैरसरकारी संघ संस्थाहरुसँगको समन्वय र सहकार्यबाट यो योजनाको सफल कार्यान्वयन भई आगलागी, हुरिबतास र चट्याङजन्य अन्य  विपद्का घटनाहरुबाट हुने क्षति न्यूनीकरण हुनेछ र नागरिकहरुको जीउधनको सुरक्षा हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुपन्देही

प्रमुख जिल्ला अधिकारी